**कल्याणपुर नगरपालिकाको कर्मचारी तह बृद्धि/स्तर बृद्धि सम्बन्धी कार्यविधि, २०८१ (प्रतिलिपि)**

प्रस्तावनाः- मधेस प्रदेश सरकारबाट जारी गरिएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" र "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" को दफा १०२ (२) बमोजिम कल्याणपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह बृद्धि/ स्तर बृद्धि सम्बन्धी कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी कल्याणपुर नगरपालिकाको कार्यपालिकाले २०८१ सालमा यो कार्यविधि बनाएको थियो। साथै २०८२/०५/२३ र २४ गते भएको "जेन-जी आन्दोलनको" क्रममा कार्यालयको सम्पूर्ण कागज-पत्र जलेर नष्ट भइसकेकोले "कल्याणपुर नगरपालिकाको कर्मचारी तह बृद्धि/स्तर बृद्धि सम्बन्धी कार्यविधि,२०८१", मिति २०८२/१२/१२ मा बसेको कार्यपालिका बैठकमा उक्त कार्यविधि पारित गर्न पुनः पेश गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "**कल्याणपुर नगरपालिकाको कर्मचारी तह बृद्धि/स्तर बृद्धि सम्बन्धी कार्यविधि, २०८१**" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले मधेस प्रदेश सभाबाट स्वीकृत "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" लाई सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले "कल्याणपुर नगरपालिकाको कर्मचारी तह बृद्धि स्तर बृद्धि सम्बन्धी कार्यविधि, २०८१" लाई सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले कल्याणपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले कल्याणपुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले कल्याणपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कल्याणपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "कर्मचारी" भन्नाले कल्याणपुर नगरपालिका अन्तर्गतको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस नगरपालिकामा समायोजन भएका कर्मचारी समेतलाई सम्झनु पर्दछ।

(ज) "तह बृद्धि/स्तर बृद्धि" भन्नाले ऐनको दफा २८ बमोजिम गरिने तह बृद्धि/स्तर बृद्धि सम्झनु पर्दछ।



Scanned with CamScanner

(झ) "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा (२२) बमोजिम गरिने तह मिलान सम्झनु पर्दछ।

(ञ)"सिफारिस समिति" भन्नाले कार्यविधिको दफा ५ बमोजिमको तह बृद्धि/ स्तर बृद्धि समितिलाई सम्झनु पर्दछ ।

(ट) "सुशासन तथा क्षमता विकास समिति" भन्नाले कल्याणपुर नगरपालिका नगरकार्यपालिकाले गठन गरेको सुशासन तथा संस्थागत क्षमता विकास समितिलाई सम्झनु पर्छ।

(ठ) "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेस प्रदेशको लोक सेवा आयोग जनकपुरधामलाई सम्झनु पर्दछ।

(ड) "मन्त्रालय" भन्नाले मधेस प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेस प्रदेश, जनकपुरधामलाई सम्झनु पर्दछ।

(ढ) "प्रदेश किताबखाना" भन्नाले प्रदेश किताबखाना, मधेस प्रदेश, जनकपुरधाम, धनुषा सम्झनु पर्दछ।

**३. सूचना प्रकाशन गर्नेः**

(१) कार्यालयले तह बृद्धि/स्तर बृद्धिको लागि आवेदन पेस गर्न हरेक वर्षको जेठ मसान्त र मंसिर मसान्तमा तीस दिनको म्याद राखी कार्यालयको वेबसाइट तथा सूचना पाटीमा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यविधि स्वीकृत भएको वर्षको लागि पहिलो पटकको सूचना कार्यविधि स्वीकृत भएको मितिले ३० दिनको म्याद राखी प्रकाशन गर्नु पर्नेछ।

**४. निवेदन दिनु पर्नेः** कार्यविधिको दफा ३ बमोजिम प्रकाशित सूचना अनुसार पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालय स्पष्ट खुलाई निम्न बमोजिमको कागजात संलग्न राखी तह बृद्धि तह वृधि स्तर वृधिको लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ।

(क) स्थायी नियुक्ति तथा बढुवा नियुक्ति पत्रको प्रतिलिपि,

(ख) समायोजन वा समायोजन मिलान पत्रको प्रतिलिपि,

(ग) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको, तह बृद्धि/स्तर बृद्धि रोक्का नभएको, तलब बृद्धि रोक्का नभएको, विगत ३ वर्षभित्र सेवा परिवर्तन नगरेको, हाल असाधारण विदा वा अध्ययन बिदामा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(घ) पेशा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

(ङ) माथिल्लो तहको लागि आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

**५. सिफारिस समितिः** ऐनको दफा २८ बमोजिम तह बृद्धि/स्तर बृद्धिको लागि ३ सदस्यीय तह बृद्धि/स्तर बृद्धि सिफारिस समिति देहाय बमोजिमको हुनेछः



Scanned with CamScanner

(क) प्रमुख प्रशासनिक अधिकारी - अध्यक्ष
(ख) अधिकृतस्तरको महिला कर्मचारी -सदस्य
(ग) अधिकृतस्तरको वरिष्ठ कर्मचारी -सदस्य
(घ) प्रशासन शाखा प्रमुख -सदस्य-सचिव

**६. सिफारिस समितिको काम कर्तव्य र अधिकार:**

(१) दफा ५ बमोजिमको सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तह बृद्धि/स्तर बृद्धिको प्रयोजनको कार्य सम्पादनको लागि कार्यतालिका निर्धारण गर्ने,

(ख) तह बृद्धि/स्तर बृद्धिका लागि पेश भएका कागजातहरूको अध्ययन तथा विश्लेषण गर्ने,

(ग) न्यूनतम मापदण्ड पूरा गरेका कर्मचारीहरुको तह बृद्धि/स्तर बृद्धिको लागि कार्यालयलाई सिफारिस गर्ने र नगर कार्यपालिकाको बैठकमा जानकारी गराउने,

(घ) सिफारिस समितिलाई तह बृद्धि/ स्तर बृद्धि सम्बन्धी निर्णय लिन कुनै दुबिधा उत्पन्न भएमा सो सम्बन्धमा प्रदेश लोकसेवा आयोगमा अनुरोध गर्ने र

(ङ) सुशासन तथा क्षमता विकास समितिसँग परामर्श गर्ने।

**७. तह बृद्धि/स्तर बृद्धि सम्बन्धी व्यवस्थाः**

(१) पाँचौ तहबाट छैटौं तह, सातौ तहबाट आठौं, नवौं तहबाट दसौं तहमा तह बृद्धि गर्दा तह बृद्धि /स्तर बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा ऐन बमोजिम सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत अस्सी प्रतिशत अङ्क वा तोकिएको अंक प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेको कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा तह र उपसमूहमा तह बृद्धि/स्तर बृद्धि गरिनेछ।

| क्र.सं. | हालको तह | तहबृद्धि/स्तरबृद्धि हुने पद | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा |
| १ | पाँचौ | छैठौं | सेवा समुह संग सम्बन्धि विषयमा कम्तिमा प्रविणता तह वा कक्षा १२ उर्तिण गरेको |
| २ | सातौं | आठौं | सेवा समुहसंग सम्बन्धित विषयमा कम्तिमा स्नातह तह उर्तिण गरेको |
| ३ | नवौं | दसौं | सेवा समुहसंग सम्बन्धित विषयमा कम्तिमा स्नातह तह उर्तिण गरेको |

(२) स्थानीय स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम तह बृद्धि/स्तरबृद्धि गरिनेछः

| क्र.सं. | हालको तह | स्तरीबृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नु अवधि | पछिल्लो दुई आर्थिक बर्षको कार्य सम्पादन मुल्यांकन प्राप्त गर्नु पर्ने अंक |
|---|---|---|---|---|
| १ | चौथो | पाँचौ | पाँच वर्ष | कम्तिमा उत्तम |
| २ | पाँचौ<br>क) शुरु नियुक्ति भएका वा पाँचौं तहमा स्तरबृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका<br>ख) पाँचौ तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा भए वा स्तरबृद्धि भएका मध्ये सो तहको लागि न्यून्तम शैक्षिक योग्यता नभएका । | छैठौं<br>छैठौं | पाँच वर्ष<br>पाँच वर्ष | कम्तिमा उत्तमा<br>कम्तिमा उत्तमा |
| ३ | छैठौं<br>क)छैठौं तहमा लोक सेवा आयोगको प्रक्रिया पूरा गरी नियुक्त भएका<br>ख) छैठौं तहमा स्तरबृद्धि भएका मध्ये बरिष्ठ पाँचौं तहमा तह मिलान भएका<br>(ग) छैठो तहमा स्तरबृद्धि भएका मध्ये पाँचौ तहमा शुरु नियुक्ति भएका | सातौं<br>सातौं<br>सातौं | स्वतः<br>पाँच बर्ष<br>पाँच बर्ष | कम्तिमा उत्तमा |
| ४ | सातौं<br>(क) मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्वेद चिकित्सक, | आठौं | स्वतः | |

| | | | | |
|---|---|---|---|---|
| | एकिकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृत (ख) खण्ड (क) बाहेकका छैठौं तहमा शुरु नियुक्ति भई सातौ तहको पदमा स्तरबृद्धि भएका र सातौ तहमा शुरु नियुक्ति भएका अन्य अधिकृत कर्मचारीहरु | आठौं | तिन बर्ष | कम्तिमा उत्तम |
| ५ | नवौं | दसौं | दुई वर्ष | कम्तिमा उत्तम |

(३) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीले ऐन अनुसार स्तरवृधि हुन तह बृद्धि/स्तरबृद्धि समिति समक्ष निवेदन दिएमा निज कर्मचारीको स्तरबृद्धि उपदफा (२) बमोजिम गरिनेछ ।

(४) स्थानीय निकायको साहायक तेस्रो, चौथो र पाँचौ तहमा तथा छैठो, सातौं र आठौ तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह बृद्धि स्तर बृद्धिनभएका कर्मचारीहरु सम्बन्धित पदमा ऐन जारी हुँदासम्म तीन वर्षे सेवा अवधि पुरा भएमा स्वतः एक तह बृद्धि स्तर बृद्धि गरिनेछ। निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो पदमा पदपूर्ति गरिनेछ।

**८. तह बृद्धि/स्तर बृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

(१) अन्य स्थानीय तहमा कामकाजमा खटिएका तर यस नगरपालिकामा पदाधिकार रहेका कर्मचारीले अन्य स्थानीय तहमा कामकाजमा नै रहँदा निवेदन गरेमा तह बृद्धि/स्तर बृद्धि गरिनेछ ।

(२) दफा ७ बमोजिम तह बृद्धि/स्तर बृद्धि हुँदा सो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह बृद्धि /स्तर बृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम हुनेछ।

(३) दफा ४ बमोजिम निवेदन दिएका कर्मचारीहरुको तह बृद्धि स्तर बृद्धिको लागि दरखास्त दिने म्याद सकिएको ७ (सात) दिनभित्र कार्यविधिको दफा ५ बमोजिमको समितिले तह बृद्धि/स्तर बृद्धिको लागि सिफारिस गरि सक्नुपर्नेछ र सो सिफारिस प्राप्त भएको ७ (सात) दिनभित्र निर्णय गरी अनुसूची-२ बमोजिमको ढाँचामा नियमानुसार तहबृद्धि/ स्तर बृद्धि पत्र दिनुपर्ने छ। ऐन तथा कार्यविधिमा भएको व्यवस्था अनुसार स्वतः तहबृद्धि हुने कर्मचारीहरुलाइ समेत सोही बमोजिमको ढाँचामा तहबृद्धि/स्तर बृद्धिको पत्र दिनुपर्ने छ।

**९. पदनाम दिइनेः** पाँचौ तहको लागि निर्धारित शौक्षिक योग्यता हासिल गरी पाँचौ तहमा तहबृद्धि भएका स्वास्थ्य सेवाका कर्मचारीलाई सम्बन्धित समूहको पदनाम दिई पाँचौ तहमा तह मिलान गरिने छ ।



Scanned with CamScanner

**१०. जेष्ठता कायम र जेष्ठता गणना सम्बन्धी व्यवस्थाः**

(१) तह बृद्धि/स्तर बृद्धिको प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह बृद्धि/स्तर बृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अधिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याइनेछ।

(३) लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति भएका र छैठौं तहमा नियुक्ति भई सातौं तहमा तह मिलान भएका र चौथो तहका सहायक कम्प्युटर अपरेटर पदबाट पाँचौ तहको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा भएका कर्मचारीको जेष्ठता नियुक्ति मितिदेखि नै गणना गरिनेछ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तह बृद्धि/स्तर बृद्धि गर्दा ऐन जारी भएपछि तह बृद्धि /स्तर बृद्धिको लागि सबै योग्यता पुरा गरेको मितिबाट नै जेष्ठता कायम हुने गरी तह बृद्धि स्तर बृद्धि गरिनेछ।

**११. तह बृद्धि स्तर बृद्धि गर्न नहुनेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर तह बृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह बृद्धि/स्तर बृद्धिसमेत रोक्का राखिने छ ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह बृद्धि/स्तर बृद्धि रोक्का भएकोमा तह बृद्धि/स्तर बृद्धि रोक्का भएको अवधिभर,

(ग) तलव बृद्धि रोक्का भएकोमा तलव बृद्धि रोक्का भएको अवधिभर,

(घ) असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर,

(ङ) सेवा वा समूह परिवर्तन गरेको भए सेवा वा समूह परिवर्तन भएको मितिले ३ तीन वर्षको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

(२) कुनै कर्मचारी तह बृद्धि/स्तर बृद्धि भई त्यस्तो तह बृद्धि/स्तर बृद्धिको नियुक्ति लिन नपाउँदै निलम्बन वा बढुवा रोक्का वा तलब रोक्का भएमा सो अवधिभर निजको तह बृद्धि स्तर बृद्धिको नियुक्ति रोक्का राखिनेछ।



Scanned with CamScanner

(३) उपदफा (२) बमोजिम नियुक्ति रोक्का भएको कुनै कर्मचारीको निलम्बन फुकुवा भएमा वा निलम्बन वा रोक्का अवधि समाप्त भएपछि निजलाई तह बृद्धि/स्तर बृद्धि भएको मिति देखि जेष्ठता कायम हुने गरी तह बृद्धि/स्तर बृद्धि मा नियुक्ति दिइनेछ।

**१२. तह बृद्धि स्तर बृद्धिको नियुक्ति भएका कर्मचारीको सेवा सुविधाः**

(१) तह बृद्धि/स्तर बृद्धिको नियुक्ति भएका कर्मचारीले तह बृद्धि/स्तर बृद्धि भएको पदमा प्रचलित कानून बमोजिम तलब भत्ता प्राप्त गर्नेछ।

(२) तह बृद्धि/स्तर बृद्धिको नियुक्ति भएका कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(३) तह बृद्धिको नियुक्ति भएका कर्मचारी सेवा निवृत्त हुँदा प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

**१३. सार्वजनिक गर्नेः** तह बृद्धि/स्तर बृद्धिको नियुक्ति भएका कर्मचारीहरुको विवरण कार्यालयले अनिवार्य आफ्नो सूचना पाटी र वेबसाइटमा राखुपर्नेछ।

**१४. सचिवालयः** तह बृद्धि तह बृद्धि स्तर बृद्धिको नियुक्ति सम्बन्धी कार्य गर्न कार्यालयको प्रशासन शाखाले सचिवालयको कार्य गर्नेछ।

**१५. जानकारी दिनु पर्नेः** यस कार्यविधि बमोजिम गरिएको तह बृद्धि/स्तर बृद्धिको जानकारी, निर्णय भएको मितिले १५ (पन्ध्र) दिनभित्र मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ।

**१६. उजुरी/ गुनासो :** तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा तह बृद्धि/स्तर बृद्धिको निर्णयको सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१८. बाधा अडकाउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ।

**१९. संशोधनः** यस कार्यविधिमा थपघट गर्ने अधिकार "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" र प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकाको हुनेछ ।

**२०. खारेजी र बचाउः** कल्याणपुर नगरपालिका को स्थानीय सेवाका कर्मचारीहरुको तहबृद्धि/स्तर बृद्धि सम्बन्धी भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ।



Scanned with CamScanner

अनुसूची -१

(कार्यविधिको दफा ४ सँग सम्बन्धित) तह बृद्धि तह बृद्धि स्तर बृद्धिको लागि दिइने आवेदनको ढाँचा)

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कल्याणपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
कल्याणपुर, सिरहा

विषय: तह बृद्धि / स्तर बृद्धि गरि पाऊँ।

प्रस्तुत विषयमा मधेस प्रदेश सरकारको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" बमोजिम "कल्याणपुर नगरपालिका को कर्मचारी तह बृद्धि/स्तर बृद्धि सम्बन्धी कार्यविधि, २०८१" अनुसार तह बृद्ध/स्तर बृद्धिका लागि आवेदन पेश गर्न ........................ मितिमा प्रकाशित सूचना अनुसार, म कल्याणपुर नगरपालिका मा स्थायी नियुक्ति भई/ कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम निजामति/अन्य सेवाबाट तपसिल बमोजिम समायोजन भई न्यूनतम सेवा अवधि समेत पूरा गरेकोले कार्यविधिको दफा ७/८ बमोजिम तह बृद्धि/स्तर बृद्धि गरिदिनुहुन निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु।

| नियुक्ति वा समायोजन पूर्वको विवरण | समायोजन हुँदाको विवरण |
|---|---|
| पदः | पदः |
| स्तरः | स्तरः |
| सेवा/ समुह/ उपसमुहः | सेवा/ समुह/ उपसमुहः |
| कार्यालयः | कार्यालयः |
| सुरु नियुक्ति मितिः | समायोजन भएको मितिः |

पछिल्लो ३ वर्षको का.स.मू. फाराम बुझाएको कार्यालयहरुः

| क्र.सं. | आ.व. | कार्यालयको नाम | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

सलग्न कागजातहरु :

१. स्थायी नियुक्ति तथा बढुवा नियुक्ति पत्रको प्रतिलिपि,

२. समायोजन, समायोजन मिलान तथा सरुवा पत्रको प्रतिलिपि

३. विभागीय सजाय न पाएको, निलम्बनमा नरहेको, तह बृद्धि स्तर बृद्धि रोक्का नभएको, तलब बृद्धि रोक्का नभएको, विगत ३ वर्षभित्र सेवा परिवर्तन नगरेको, हाल असाधारण विदा वा अध्ययन बिदामा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

४. पेशा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक भएमा)

५. माथिल्लो तहको लागि आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (आवश्यक भएमा)

निवेदक
नाम, थरः
पदः
कर्मचारी संकेत नं.
मोवाइल नं.
सहीः

Scanned with CamScanner

अनुसूची-२

(कार्यविधिको दफा १० सँग सम्बन्धित)

तह बृद्धि/ स्तर बृद्धिपत्रको ढाँचा

मितिः

श्री ......................................

कल्याणपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

कल्याणपुर, सिरहा ।

विषयः तह बृद्धि/स्तर बृद्धि गरिएको।

महोदय,

मधेस प्रदेश सरकारको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" तथा "कल्याणपुर नगरपालिका को कर्मचारी तह बृद्धि/स्तर बृद्धि सम्बन्धी कार्यविधि, २०८१" बमोजिम मिति................ देखि ज्येष्ठता कायम हुने गरी सरकारी सेवामा तपसिल बमोजिम तह बृद्धि/स्तर बृद्धि गरिएको छ।

तह बृद्धि/स्तर बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना।

तपसिलः

| साविकको | तहबृद्धि/स्तर बृद्धि गरिएको |
|---|---|
| पदः | पदः |
| सेवा/समुह/उपसमुहः | सेवा/समुह/उपसमुहः |
| तहः | तहः |
| कार्यालयः | कार्यालयः |

------------

सुजित कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेस प्रदेश, जनकपुरधाम ।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक, ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम ।

श्री प्रदेश किताबखाना, जनकपुरधाम मधेशप्रदेश ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहा ।

श्री कर्मचारी सञ्चयकोष, काठमाण्डौं।

श्री आर्थिक प्रशासन शाखा, कल्याणपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर सिरहा ।

Scanned with CamScanner